<u>डेरी तथा मासु पसल सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५</u>

अनुसूची -१

दफा ५ खण्ड (क) संग सम्वन्धित

प्रदेश सरकार

सुदुरपश्चिम प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाजुरा

## प्रस्ताव आव्हानको सूचना

प्रकाशित मिति २०७५/०९/१३

यस केन्द्रको आ.व. २०७५/७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्न लिखित कार्यक्रमहरु डेरी तथा मासु पसल सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम लागत साझेदारीमा संचालन गर्न ईच्छुक अछाम र बाजुरा जिल्ला अन्तर्गतका उपमहानगरपालिका, नगरपालिका, गाउपालिका, सहकारी संस्था, व्यवसायिक संघ वा संगठन, फर्म, कम्पनी, निजी उद्यमी, कृषक समूह वा समितिहरुले यो सूचना प्रकाशित भएको मितिले २१ औ दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्न हुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>तपसिल-</u>

| क.सं. | कार्यक्रम | संख्या | अधिकतम साझेदारी रकम |
|---|---|---|---|
| १ | डेरी पसल सुधार | २० | स्विकृत कार्यक्रमको विनियोजित वजेट अनुसार हुने |
| २ | मासु पसल सुधार | २२ | स्विकृत कार्यक्रमको विनियोजित वजेट अनुसार हुने |

<u>आवेदनका साथ तपसिल अनुसारका कागजातहरु</u>

१. सहकार्यको लागि रु.१० को हुलाक टिकट टाँस गरेको अनुसुचि ५ बमोजिमको निवेदन ।
२. आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३. अनुसूचि २ बमोजिम तोकेको ढाँचामा तयार गरिएको प्राविधिक र आर्थिक प्रस्ताव ।
४. अनुसूचि ४ अनुसार सम्वन्धित स्थानिय तह वा पशु सेवा शाखाको सिफारिस ।
५. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपी ।
६. लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० वर्षको करारनामा वा सम्झौता पत्र ।
७. प्रचलित कानून बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता नविकरण गरेको प्रमाणित प्रतिलिपि।
८. सहकारी संस्था, व्यावसायिक संस्था, फर्म, कम्पनी, कृषक समुह, समितिको हकमा मूल्य अभिवृद्धि कर (भ्याट) वा स्थायी लेखा नम्वर (पान) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र कार्य समितिको निर्णय ।
९. कार्यक्रम संचालन वर्ष अघिको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी ।
१०. प्रस्तावकले कम्तीमा २५ (पच्चिस) प्रतिशत लागत साझेदारी गर्ने र अन्य निकायबाट अनुदान लिए वा नलिएको प्रतिवद्धता पत्र।

पुनश्च : प्रस्तावपत्र र संक्षिप्त व्यावसायिक कार्य योजनाको ढाँचा तथा कार्यान्वयन कार्यविधिहरु सम्वन्धित पशुपन्छी विकास महाशाखा वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय वा जिल्लास्थित भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रबाट उपलब्ध हुनेछ।

<u>बिस्तृत जानकारीको लागि सम्पर्क :-</u>

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाजुरा, फोन नम्वर ०९७-५४१०६४

कार्यालय प्रमुख

<u>युवा लक्षित पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५</u>

अनुसूची -१

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाजुरा

## अनुदानको लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना

प्रकाशित मिति : २०७५/०९/१३

यस केन्द्रको आ.व. २०७५/७६ को बार्षिक स्विकृत कार्यक्रम अनुसार युवाहरुलाई सहकार्यमा गाईपालन, बंगुरपालन, भेडापालनको माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम भएको हुँदा नयाँ फार्म स्थापना/भईरहेको फार्म सुदृढिकरणका लागि सुदुरपश्चिम प्रदेशको अछाम र बाजुरा जिल्ला अन्तर्गतका गाउपालिका वा नगरपालिकामा वसोवास गरेका ईच्छुक १८ देखि ४० वर्ष उमेरका युवायूवतीबाट निम्न अनुसार हुने गरी प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) उन्नत नस्लका पशु खरिद तथा सम्वन्धित पशुको गोठ, खोर, निर्माण वा सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङ्ग टयाङ्क, आवश्यक उपकरण/समाग्री खरिद ढुवानीमा उपयोग गर्न सक्नेछ।

२) अनुदान कार्यक्रम माथि उल्लेखित अछाम र बाजुरा जिल्लामा लागू हुनेछ।

३) प्रस्तावकले कम्तिमा अनुदान रकमको पचिस प्रतिशत (२५%) स्वयं लगानी गर्ने गरी कार्ययोजना पेश गर्नुपर्नेछ।

४) प्रस्तावकले यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराम र कार्ययोजना प्रस्ताव सम्वन्धित भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पेश गर्नुपर्नेछ ।

५) आवेदन फाराम तथा कार्ययोजना प्रस्तावको नमुना सम्वन्धित पशुपन्छी विकास महाशाखा वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय वा जिल्लास्थित भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रबाट उपलब्ध हुनेछ।

६) कुनै पनि सरकारी निकायबाट बिगत दुई वर्ष भित्र रु. ५०,०००।०० माथि वस्तुगत तथा नगद अनुदान प्राप्त गरी कार्य सन्तोषजनक नभएका फार्म छनौट प्रक्रियामा समावेश गरिने छैन ।

७) आवेदनका साथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

<u>तपसिल</u>

१) रु.१० को हुलाक टिकट टाँस गरेको अनुसूचि २ को ढाँचा अनुसारको निवेदन फाराम ।

२) अनुसूचि ३ वा ३(क) वा ३(ख) बमोजिम तोकिएको ढाँचा अनुसारको संक्षिप्त कार्ययोजना ।

३) नेपाली नागरिकताको प्रतिलिपी ।

४) फार्म दर्ता नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी ।

५) घाँस विकासका लागि भाडामा जग्गा लिएको भए सम्झौताको प्रतिलिपी ।

६) व्यवसाय संचालन गर्नको लागि सम्वन्धित स्थानिय तहको सिफारिस पत्र ।

७) परियोजना छनौट भएमा कार्यान्वयन गर्ने निर्णय तथा प्रतिवद्धता ।

<u>बिस्तृत जानकारीको लागि सम्पर्क :-</u>

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाजुरा, फोन नम्वर ०९७-५४१०६४

कार्यालय प्रमुख